सभापति कप फुटबल प्रतियोगिता

लिग च्याम्पियन चर्च ब्वाइजलाई हराउँदै संकटा सेमिफाइनलमा

हिमालय टाइम्स

काठमाडौं, १० माघ

बिहीबारदेखि सुरु भएको 'सभापति कप' फुटबल प्रतियोगिताको पहिलो खेलमा संकटा क्लबले चर्च ब्वाइज युनाइटेड क्लबलाई पराजित गरेको छ । 'ए' डिभिजन लिग च्याम्पियन चर्च ब्वाइज युनाइटेडलाई पराजित गर्दै संकटा फुटबल क्लब सभापति कपको सेमिफाइनलमा प्रवेश गरेको छ । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल लोकतान्त्रिक खेलकुद संघ महाधिवेशन निर्देशन समितिको आयोजनामा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको खेलमा संकटाले चर्च ब्वाइजलाई तीन-शून्यले पराजित गरेको हो । योसँगै चर्च ब्वाइज पहिलो खेलबाट बाहिरिएको छ ।

संकटालाई जिताउन अबेक रिर्चडले २३औं र ७०औं मिनेटमा दुई गोल गर्नुभयो । अर्को गोल ७३औं मिनेटमा चन्दन दासले थप्नुभएको थियो । संकटाले फाइनल प्रवेश गर्न मच्छिन्द्र फुटबल क्लब र विभागीय टोली एपिएफ क्लबबीचको विजेतासँग खेल्नेछ । यो खेल आज (शुक्रबार) दशरथ रंगशालामा ३ बजे हुनेछ ।

नकआउट यो प्रतियोगितामा आठ टिमको सहभागिता छ । माघ १७ गतेसम्म चल्ने प्रतियोगिताको विजेता टिमलाई २६ लाख र उपविजेतालाई १३ लाख रुपैयाँ पुरस्कार प्रदान गरिनेछ । यो नेपाली नकआउट फुटबलको सर्वाधिक पुरस्कार राशि हो । हरेक खेलमा म्याच फीका रूपमा प्रत्येक टिमलाई ५० हजार प्रदान गरिनेछ ।

यस्तै, प्रत्येक खेलको प्लेयर अफ दि म्याचलाई १५ हजार, सर्वोत्कृष्ट खेलाडीलाई ७५ हजार, उत्कृष्ट गोलरक्षकलाई ५० हजार, सर्वाधिक गोलकर्तालाई ५० हजार र उदीयमान खेलाडीलाई २५ हजार रुपैयाँ प्रदान गरिने आयोजकले जनाएको छ । प्रतियोगिताको बिहीबार युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले उद्घाटन गर्नुभएको थियो ।

पिएम कप क्रिकेट

सुपर फोरमा एपिएफ र आर्मीको जित

भोजराज रोस्यारा/हिटा

धनगढी, १० माघ

कैलालीको धनगढीमा भइरहेको प्रधानमन्त्री कप महिला टि-ट्वान्टी राष्ट्रिय क्रिकेट प्रतियोगितामा दुई विभागीय टोली एपिएफ र त्रिभुवन आर्मी क्लब विजयी भएका छन् । दुवै टोलीले सुपर फोरमा जित निकालेका हुन् । बिहीबार फाप्ला मैदानमा भएको सुपर फोरको पहिलो खेलमा आर्मीले बागमती प्रदेशलाई १० विकेटले पराजित गऱ्यो । बागमती प्रदेशले दिएको ४३ रनको लक्ष्य पछ्याएको एपिएफले ६.५ ओभरमा बिनाविकेटको क्षतिमा भेट्टाएको हो । एपिएफका ममता चौधरी २३ र राजमती ऐरी १४ रनमा अविजित रहनुभयो । त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको बागमती प्रदेशले निर्धारित १८ ओभरमा सबै विकेट गुमाएर ४२ रन बनाएको थियो । बागमतीका लागि यशु पाण्डे, सविका यादव र यलि यादवले समान आठ-आठ रनको योगदान दिनुभयो । विपिशा शाहीले सात रन जोड्दा यशोधा विष्टले तीन रन जोड्नुभयो । बागमती प्रदेशकी कप्तान कन्चन श्रेष्ठ, सलिना सिलवाल र मनिषा उपाध्याय भने शून्य रनमै पभेलियन फर्किनुभएको थियो ।

एपिएफका लागि सुमन विष्टले सर्वाधिक तीन विकेट लिनुभयो । यस्तै, रेखा रावल र बिनु बुढाले समान दुई-दुई विकेट लिँदा कविता जोशीको नाममा एक विकेट रह्यो ।

बिहीबार नै फाप्लामा भएको दोस्रो खेलमा आर्मीले सुदूरपश्चिमलाई १४ रनले पराजित गरेको छ । १११ रनको लक्ष्य पछ्याएको सुदूरपश्चिमले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै ९६ रनमात्रै बनाउन सक्यो । सुदूरपश्चिमका लागि मनिषा बोहराले १८, कविता कुँवरले १६ र कप्तान बिन्दु रावलले ११ रन बनाउनुभएको थियो । आर्मीकी सुस्मिता भुसालले तीन तथा सीता शाही र लक्ष्मी साउदले एक/एक विकेट लिनुभएको थियो ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले सम्झना खड्काको उत्कृष्ट पारीको मद्दतले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ११० रन बनाएको थियो । खड्का ५७ बलमा ७४ रनमा अविजित रहनुभयो । अन्यले भने दोहोरो अंकमा रन बनाउन सकेनन् । सुदूरपश्चिमका जानकी थापाले दुई तथा आशिका महरा र रेवती धामीले एक/एक विकेट लिनुभयो ।

फराकिलो जितसँगै सुपर फोरको अंक तालिकामा एपिएफ शीर्ष स्थानमा छ भने आर्मी दोस्रोमा छ । प्रतियोगिताअन्तर्गत आज (शुक्रबार) सुपर फोरका दुई खेल हुनेछन् । सुपर फोरमा अंक तालिकाको पहिलो र दोस्रो स्थानमा रहेका दुई टिमबीच शनिबार फाइनल हुने आयोजक नेपाल क्रिकेट संघले जनाएको छ ।

ज्ञान संस्कार बास्केटबल आजदेखि

काठमाडौं । ज्ञान संस्कार इन्टरनेसनल स्कुलको आयोजनामा प्रथम ज्ञान संस्कार अन्तरविद्यालय बास्केटबल प्रतियोगिता आज (शुक्रबार)देखि हुने भएको छ । जुनियर ब्वाइजमा २४ र जुनियर गर्ल्समा १६ गरी ४० टिमको सहभागिता रहने बिहीबार आयोजित पत्रकार सम्मेलनमा ज्ञान संस्कारकी प्रधानाध्यापक निलम बानियाँ बडूले जानकारी गराउनुभयो । ब्वाइज टिमलाई आठ समूह तथा गर्ल्सलाई चार समूहमा विभाजन गरी लिग कम नकआउट आधारमा खेल खेलाइनेछ । ब्वाइजको प्रत्येक समूहबाट शीर्ष दुई टोली प्रि-क्वाटरफाइनलमा पुग्नेछन् । गर्ल्सको हरेक समूहको विजेता र उपविजेता क्वाटरफाइनलमा प्रवेश गर्नेछन् ।

विधागततर्फ 'मोस्ट भेलुएबल प्लेयर' उत्कृष्ट 'थ्री प्वाइन्टर' र सर्वाधिक स्कोरकर्तालाई पनि पुरस्कृत गरिनेछ । प्रतियोगिता सञ्चालन गर्न करिब तीन लाख रुपैयाँ खर्च हुने प्रतियोगिता संयोजक पूर्ण न्यौपानेले जानकारी दिनुभयो । प्रतियोगितामा कक्षा ७ सम्म अध्ययनरत विद्यार्थीले मात्र सहभागिता जनाउन पाउनेछन् ।

जुनियर ब्वाइज स्पर्धामात्र समावेश गरिएकोमा प्रधानाध्यापक बडूले भन्नुभयो, 'अहिले हाम्रो विद्यालयमा कक्षा ७ सम्म पढाइ हुन्छ । त्यसैले हामीले जुनियरको स्पर्धामात्र समावेश गरेका हौं । हरेक वर्ष हामी कक्षा पनि बढाउँदै जान्छौं । त्यसैअनुरूप प्रतियोगिताको संरचनालाई पनि परिवर्तन गर्दै जाने छौं ।' प्रतियोगिताका खेलहरू सामाखुशीस्थित आयोजकको आफ्नै कोर्टमा खेलाइनेछ । प्रतियोगितामा जम्मा ७० खेल हुनेछ । फाइनल माघ १८ गते हुनेछ ।

इंग्ल्याण्डविरुद्धको पहिलो टी-२० मा भारतको जित

एजेन्सी । भारतले इंग्ल्याण्डसँगको पहिलो टी-२० खेलमा सात विकेटको सहज जित हात पारेको छ । बुधबार राती सम्पन्न खेलमा इंग्ल्याण्डले दिएको १३३ रनको सामान्य लक्ष्य भारतले १२.५ ओभरमा तीन विकेट गुमाएर पूरा गऱ्यो । भारतका लागि अभिषेक शर्माले सानदार पारी खेल्नुभयो । उहाँले ३४ बलमा ८ छक्का र ५ चौकासहित ७९ रनको पारी खेल्नुभएको हो । यस्तै, तिलक बर्माले २६ र सञ्जु सामसनले अविजित १९ रन बनाउनुभयो ।

तेस्रो विकेटका लागि अभिषेक र तिलकबीच ८४ रनको साझेदारी भयो । इंग्ल्याण्डका लागि जोफ्रा आर्चरले दुई र आदिल राशिदले एक विकेट लिनुभयो ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको इंग्ल्याण्डले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १३२ रनको योगफल तयार पारेको थियो ।

इंग्ल्याण्डका लागि कप्तान जोस बट्लरले ४४ बलमा आठ चौका र दुई छक्काको मद्दतले सर्वाधिक ६८ रनको योगदान गर्नुभयो ।

यसैगरी ह्यारी ब्रुकले १७ र जोफ्रा आर्चरले १२ रन बनाउँदा अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन् । तेस्रो विकेटका लागि जोस र ह्यारीले ४८ रनको साझेदारी गर्नुभयो ।

भारतका लागि वरुण चक्रवर्तीले तीन तथा हार्दिक पाण्डेय, अर्शदीप सिंह र अक्षर पटेलले समान दुई विकेट लिनुभयो । जितसँगै भारतले पाँच खेलको शृंखलामा १-० को अग्रता लिएको छ । दोस्रो खेल शनिबार हुनेछ ।

अर्जुन ट्रफीको खेल तालिका सार्वजनिक

उद्घाटन खेलमा धनगढी र डडेल्धुरा भिड्ने

हिमालय टाइम्स

धनगढी, १० माघ

क्रिकेटको शहर धनगढीमा आगामी माघ १९ गतेदेखि २८ गते (फेब्रुअरी १ देखि १०) सम्म आयोजना हुने अर्जुन ट्रफी राष्ट्रिय क्रिकेट प्रतियोगिताको खेल तालिका सार्वजनिक भएको छ । गो ड्रिमर्सको आयोजनामा यस वर्षदेखि नेपाल क्रिकेट संघको वार्षिक क्यालेण्डरमा समावेश भएको प्रतियोगिताको खेल तालिका सार्वजनिक गरिएको हो । प्रतियोगितामा सहभागी आठ टिमलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा डिसिए धनगढी, फ्रेण्ड्स युवा क्लब डडेल्धुरा, घोडाघोडी-११ सुख्खड कैलाली र बोष्टन क्रिकेट झापा रहेका छन् । समूह 'बी' मा सिवाइसी अत्तरिया, दशरथ चन्द एकेडेमी बैतडी, क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र न्यु होराइजन बुटवल छन् । माघ १९ गते हुने उद्घाटन खेलमा डिसिए धनगढी र फ्रेण्ड्स युवा क्लब डडेल्धुराले प्रतिस्पर्धा गर्ने भएका छन् । माघ २० गते सिवाइसी अत्तरिया र दशरथ चन्द एकेडेमी बैतडीले पहिलो खेल खेल्दा दोस्रो खेलमा डिसिए धनगढी र घोडाघोडी-११ सुख्खड कैलाली खेल्नेछन् । माघ २१ गते पहिलो खेलमा फ्रेन्ड्स युवा क्लब डडेल्धुरा र बोष्टन क्रिकेट झापा तथा दोस्रो खेलमा सिवाइसी अत्तरिया र क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं खेल्नेछन् ।

माघ २२ गते दशरथ चन्द एकेडेमी बैतडी र न्यु होराइजन बुटवल पहिलो तथा डिसिए धनगढी र बोष्टन क्रिकेट झापा दोस्रो खेलमा प्रतिस्पर्धा गर्नेछन् । माघ २३ गतेको पहिलो खेलमा क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र न्यु होराइजन बुटवलले प्रतिस्पर्धा गर्दा दोस्रो खेलमा घोडाघोडी-११ सुख्खड कैलाली र बोष्टन क्रिकेट झापा खेल्नेछन् । माघ २४ गतेको पहिलो खेल क्रिकेट एक्सिलेन्स सेन्टर काठमाडौं र दशरथ चन्द एकेडेमी बैतडीबीच हुनेछ भने दोस्रो खेलमा घोडाघोडी-११ सुख्खड कैलाली र फ्रेण्ड्स युवा क्लब डडेल्धुरा खेल्नेछन् । माघ २५ गते लिग चरणको अन्तिम खेलमा सिवाइसी अत्तरिया र न्यु होराइजन बुटवलले प्रतिस्पर्धा गर्नेछन् ।


ARJUN TROPHY
WINNER
Date of Event: February 1st-10th 2025
Venue: Fapla International Cricket Ground
Dhangadhi - City of Cricket
National T20 Championship

माघ २६ गते पहिलो सेमिफाइनल, माघ २७ गते दोस्रो सेमिफाइनल र माघ २८ गते फाइनल खेल हुनेछन् । पहिलो सेमिफाइनल खेलमा समूह 'ए' को विजेता र समूह 'बी' को उपविजेताबीच फाइनल प्रवेशका लागि खेल हुनेछ भने दोस्रो सेमिफाइनलमा समूह 'बी' को विजेता र समूह 'ए' को उपविजेता फाइनलको यात्रा तय गर्नका लागि खेल्नेछन् । प्रतियोगिताका सम्पूर्ण खेलहरू धनगढीस्थित फाप्ला अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा आयोजना गरिनेछन् ।

धनगढी र सुदूरपश्चिम प्रदेशको क्रिकेटका सारथि रहनुभएका स्वर्गीय अर्जुन खड्काको स्मृतिमा आयोजना गर्न लागेको अर्जुन ट्रफीमा झण्डै २० लाख नगद पुरस्कार प्रदान गरिनेछ । रनिङ ट्रफीका रूपमा टी-२० फर्म्याटको प्रतियोगिताको विजेताले नगद १० लाख र उपविजेताले नगद पाँच लाखसहित ट्रफी पाउनेछन् । प्रतियोगिताको सर्वोकृष्ट खेलाडीलाई नगद एक लाख प्रदान गरिनेछ । उत्कृष्ट ब्याट्सम्यान, उत्कृष्ट बलर र उदीयमान खेलाडीले जनही ५०/५० हजार पाउनेछन् । प्रत्येक खेलका म्यान अफ द म्याचलाई नगद १० हजार प्रदान गरिनेछ ।

प्रतियोगितामा देशभरका आठवटा क्लबका टिमहरूको सहभागिता रहेको छ । सबै टोलीहरूले 'ए' क्याटोगोरीका चारजना, 'बी' क्याटोगोरीका पाँचजना र बाँकी 'सी' क्याटोगोरीका गरी १४ खेलाडी समावेश गर्न पाउनेछन् । 'ए' क्याटोगोरीमा नेपाली राष्ट्रिय टिमका खेलाडी रहेका छन् भने 'बी' क्याटोगोरीमा नेपाली राष्ट्रिय टिम ए, यू-१९ नेपाली राष्ट्रिय टोली र प्रदेशस्तरीय सिनियर खेलाडी रहेका छन् । सी क्याटोगोरीमा यू-१६ नेपाली राष्ट्रिय टोली, प्रदेशका यू-१९ र यू-१६ का खेलाडी र अन्य खेलाडीहरू छन् ।

UAE मा रोजगार

1. Mohammed Abdulmohsin Al-kharafi & Sons L.L.C, UAE
पूर्व स्वीकृति मिति :-२०८१।१०।१०, च. न.:-६०२३१८४६, LT No: 317712

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलव AED	मासिक तलव ने.रु	हप्तामा कामगर्ने दिन	प्रतिदिन कामगर्ने घण्टा	ओभर टाईम सुविधा	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Labour(Building Projects	200	0	स.काममा दक्ष	900	३३,८९५।-	६ दिन	८ घण्टा	कं. नि. अनुसार	छ			२ वर्ष

2. APEX EMPLOYMENT SERVICES, Dubai पूर्व स्वीकृति मिति :-२०८१।१०।१०, च . न.:-६०२३१८३८, LT No: 317664

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलव AED	मासिक तलव ने.रु	हप्तामा कामगर्ने दिन	प्रतिदिन कामगर्ने घण्टा	ओभर टाईम सुविधा	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Cleaner	150	25	स.काममा दक्ष	800	३०,१३०।-	६ दिन	८ घण्टा	कं. नि. अनुसार	छ			२ वर्ष

3. FAST BLDG. CONT. CO. LLC., Sharja, UAE पूर्व स्वीकृति मिति :-२०८१।१०।१०, च . न.:-६०२३१८३७, LT No: 317663

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलव AED	मासिक तलव ने.रु	हप्तामा कामगर्ने दिन	दिनमा कामगर्ने घण्टा	ओभर टाईम सुविधा	वार्षिक विदा	खाना सुविधा	बस्न सुविधा	करार अवधि
1	Blacksmith	42	0	स. काममा दक्ष	1200	४५,१९५।-	६ दिन	८ घण्टा	कं. नि. अनुसार	छ			२ वर्ष
2	Building Labor	56	0		1000	३७,६६०।-							
3	Carpenter	09	0		1200	४५,१९५।-							
4	House-Builder	19	0		1000	३७,६६०।-							
5	Joiner	28	0		1200	४५,१९५।-							
6	Plumber	14	0		1200	४५,१९५।-							
7	Stone Mason	32	0		1200	४५,१९५।-							

स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने	स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता	हवाई टिकट कसले दिने र कति लाग्ने	भीषा शुल्क कसले दिने र कति लाग्ने	अभिमुखीकरण तालिम शुल्क	कल्याणकारी कोष व्यवस्था	सेवा शुल्क
कामदार आफै	दिने	कामदार आफै	कम्पनीले	नि:शुल्क	नि:शुल्क	कामदार स्वयं रू. ७००।-	कामदार स्वयं रू. १५००।-	निशुल्क

अन्तर्वार्ता २०८१ माघ १८ गते (31 January, 2025) मेनपावर कार्यालय सिनामंगलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भाबना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क राख्नु होला ।

Reliable Manpower Recruitment Pvt. Ltd. Gov. Lic. No. 1728/081/82
Sinamangal, KTM, Opposit Hope Hospital. Phone:- 01-5922931, 5922932, 5922934
Email:- reception@reliablemanpowernepal.com, www.reliablemanpowernepal.com

---

Molung Rural Municipality

Office of the Rural Municipal Executive

Prapcha, Okhaldhunga

Invitation for Bids

Invitation for Bids for works described as below.

First Date of Publication: 24-01-2025

Molung Rural Municipality, office of the Rural Municipal Executive, Okhaldhunga invites only Electronic Bids from eligible bidders for the following works under NCB.

For the further information, please visit E-GP portal of PPMO i.e. (https://www.bolpatra.gov.np).

S. N.	Description of Work	Contract Identification No	Last date of bid submission	Estimated Amount, NRs (including VAT)	Bid Security amount NRs	Bid Document Fee NRs
1	Niware-Jeshe-Sepli Road Maintenance Project	04/NCB/WORKS/ MRM/081/82	24-02-2025 12:00	6616020.20	150000	3000

आदर्श गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मौवानगरदह, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

प्रकाशित मितिः २०८१/१०/११

उपरोक्त विषय सम्बन्धमा यस कार्यालयबाट मिति २०८१/०८/२६ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मुल्यांकनमा सारभुत रुपले प्रभावग्राही भएको तपसिलको बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/१०/१८ (31-Jan-2025) गते दिनको ११:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौं संसोधन समेत) को नियम ३१ज. को उपनियम ५ र ६ बमोजिम बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.न.	ठेक्का न.	कामको विवरण	प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता
1.	ARM/NCB/ WORKS/081-082/02	Construction of Mauwa-Girichauka Road (Stage 2) at Ward No. 06 & 07 of ARM , Doti	1. Khaptad/Sunil and Bijaya/Jaljala Multibusiness Construction JV 2. New Nepal/Bhim Nirman Sewa/ New Kal Bhairav Construction JV 3. Saino Construction/ Bhawani Yuvraj Nirman sewa/ LB Construction JV 4. SK Construction 5. Bhawani Nirman Sewa 6. API/Shine JV 7. Pawan Construction 8. Handik/ Pratik JV 9. Supreme Builders

प्रमुख प्रशासकीय अधिकृत